लेखापरीक्षण प्रतिवेदन

बेनीघाट रोराङ्ग गाउँपालिका, धादिंग

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

बेनीघाट रोराङ्ग गाउँपालिका, धादिंग

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/256

श्री अध्यक्षज्यू,
बेनीघाट रोराङ्ग गाँउपालिका,

गाँउकार्यपालिकाको कार्यालय, धादिङ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष ०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/256

श्री अध्यक्षज्यू,
बेनीघाट रोराङ्ग गाँउपालिका,

गाँउकार्यपालिकाको कार्यालय धादिङ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको रायः

हामीले त्यस वेनिघाट गाँउपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाँउपालिकाको आय र व्ययतर्फ रु. १ अर्व ६६ करोड ३७ लाख ९५ हजारको लेखापरीक्षणबाट रू. ९१ लाख २३ हजार बेरुजु देखिएकोमा रु.२० लाख ७२ हजारको प्रतिक्रियाबाट सम्परीक्षण भई प्रमाण कागजात पेस गर्नुपर्ने रू. १२ लाख ५ हजार र नियमित गर्नुपर्ने रु.५८ लाख ४६ हजार समेत रू.७० लाख ५१ हजार रहेको छ। गत वर्षसम्मको कायम बेरुजु रु. १ करोड १८ लाख १७ हजार बेरुजु बाँकी रहेकोमा रू.५० लाख ९५ हजार सम्परीक्षण र यो बर्षको लेखापरीक्षणबाट रू. ७० लाख ५१ हजार थप भई हाल अद्यावधिक बेरुजु रु.१ करोड ३७ लाख ७३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

२.३.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले वेनिघाट गाँउपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको

पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३.अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु					
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने				पेस्की
दफा संख्या			दफा संख्या				दफा संख्या								
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
५४	१८	९१,२३,१११	०	१२	२०,७२,०९९	०	५४	६	७०,५१,०१२	०	५८,४५,८३१	१२,०५,१८१	०	०	७०,५१,०१२	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण भएको रकम	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
धादिङ	१,१८,१७,२८६		५०,९५,६२९	६७२१६५७	०	७०,५१,०१२	१३७७२६६९

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	२०.४	स्यानिटरी प्याड	८५,४१४
२	२०८१/८२	१८.४/१८.५	सामाजिक सुरक्षा तर्फ	१९,३१,७७६
३	२०८१/८२	१९.२	पाठ्यपुस्तक अनुदान	३५,१४३
४	२०८१/८२	२२	कर समायोजन प्रमाण	१९,७६६
५	२०८०/८१	५८	संस्था अनुदान	१,६७,८८९
६	२०८०/८१	६२	सवारी नविकरण र विद्युत महसुल भुक्तानीमा जरिवाना	१,१७,०४९

७	२०८०/८१	८.३	प्रशासकीय संगठन तथा कर्मचारी व्यवस्थापन- यसमा देहायका व्यहोरा देखिएका छन् ।	१३,९३,८३०
८	२०८०/८१	१४	पेश्की बाँकी	२,५०,०००
९	२०८०/८१	४७	निर्माण व्यवसायी मार्फत कार्य गराएको	३१,६६,८६१
जम्मा				७१,६७,७२८

बेनीघाट रोराङ्ग गाउँपालिका, धादिंग

(८०३३०५०९३००)

बेनीघाट रोराङ्ग गाउँपालिका , धादिङ

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धती सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले नेपालको संविधान २०७२ अनुसार यस पालीकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गर्दै गुणस्तरिय सेवा प्रदान गर्दै जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक, आर्थिक एवं भौतिक क्रियाकलाप सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ । वागमती प्रदेशमा अवस्थित पालिकाको क्षेत्रफल २०६.५२ वर्ग किलोमिटर, ३३८५४ जनसंख्या रहेको यो गाउँपालिका अन्तर्गत १० वडा रहेका छन् । संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।१ देखि २०८२।८।४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय र व्याय तर्फ रु. १ अर्व ६६ करोड ३७ लाख ९५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा दत्तरबत्तरको असुल हुन बाँकि रकम मिति २०८२।८।४ र ११ गते रु. १७,८७,०४९। असुल भइ दाखिला भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

२.१ स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । नेपाल सरकार मन्त्रीपरिषद्बाट २०७९।८।२० मा जारी भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार पालिकाले लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।

बेनीघाट रोराङ गाउँपालिका				
आ.व. २०८१/०८२				
आर्थिक कारोबारको एकिकृत विवरण				
प्राप्ति			भुक्तानी	
विवरण	रकम	रकम	विवरण	रकम
१. २०८१/०८२ को शुरु मौज्दात		९६३११२६४.७०	१. चालु खर्च	
क. संचित कोष	७६९०९३७६.७२		क) पालिका तर्फ	१५४६९३३९२.४४
ख. धरौटी	१८१८३६३७.००		ख) संघीय सशर्त	२४९३७१९३५.७६
ग. कार्यसञ्चालन कोष	९८४९३९.९८		ग) प्रदेश समपुरक	३०५०६६६.००
घ. स्थानीय तह प्रकोप व्यवस्थापन कोष	१२६१११.००		घ) प्रदेश सशर्त	१२४४८७०६.००
ङ. कर्मचारी कल्याण कोष	१०७२००.००		ङ) प्रदेश विशेष	३७५००००.००
२. यस वर्षको आय		१७२०४११०८.०८	२. पुँजीगत खर्च	
क. आन्तरिक आय	१६७३४५२८.५६		क) पालिका तर्फ	२०४३९५०९९.००
ख.राजस्व बाँडफाँट (संघ र प्रदेश)	१५५३०६५७९.५२		ख) संघीय तर्फ	४३३३४३९.००
३. वित्तीय हस्तान्तरण (संघ)		४१९२४२४६२.७६	ग) संघीय विशेष	२७०७१२४८.००
क. समानीकरण अनुदान	१३८४६५८४०.००		३. प्रदेश समानिकरण	१४१२८६४९.००
ख. सशर्त अनुदान	२५३७०५३७४.७६		४. प्रदेश सशर्त	७१११३३१.००
ग. समपुरक अनुदान	०.००		५. प्रदेश विशेष	१०५१५६७.००
घ. विशेष अनुदान	२७०७१२४८.००		६. प्रदेश समपुरक	७३३१७६४.००
४. वित्तीय हस्तान्तरण (प्रदेश)		५०८४९०३४.००	७. अन्तर सरकारी अख्तियारी (संघ)	
क) समानीकरण अनुदान	१६१०५०००.००		क) सामाजीक सुरक्षा	१३१२११६७९.६७
ख) राजस्व बाँडफाँट	०.००		ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१०२००००.००
ग) सशर्त अनुदान	१९५६००३७.००		ग) स्थानिय तथा प्रशासकीय भवन	३२०००००.००
घ) समपुरक अनुदान	१०३८२४३०.००		घ) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम	५७२७२२.००
ङ) विशेष अनुदान	४८०१५६७.००		ङ) विद्यालय शिक्षा क्षेत्र योजना	८७१०००.००
५. अन्तर सरकारी अख्तियारी (संघ)		१३६८७५४०१.६७	८. अन्य कोष तर्फको व्यय	
क) सामाजीक सुरक्षा	१३१२११६७९.६७		क. धरौटी फिर्ता तथा सदर स्याहा	९७६४५५०.००
ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१०२००००.००		ख. कार्यसञ्चालन कोषबाट भएको खर्च	२०३००५६०.००
ग) स्थानिय तथा प्रशासकीय भवन	३२०००००.००		९. अन्तिम मौज्दात	
घ) राष्ट्रपति शैक्षिक सुधार कार्यकम	५७२७२२.००		क. संचित कोषको मौज्दात	३०३०४१८४.३६
ङ) विद्यालय शिक्षा क्षेत्र योजना	८७१०००.००		ख. धरौटी	१३१७७९१७.००
६. धरौटी आय		४७५८८३०.००	ग. कार्य सञ्चालन कोष	२०१५४१४.८७
७. कार्यसञ्चालन कोष आय		२३३५०३३८.८९	घ. कर्मचारी कल्याणकोष	११०७२००.००
८.कर्मचारी कल्याण कोष		१००००००.००	ङ. प्रकोप व्यवस्थापन कोष	२१४५४१५.००
	जम्मा	९०४४२८५४०.१०		जम्मा

तयार गर्ने   पेश गर्ने   स्वीकृत गर्ने

CS Scanned with CamScanner

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको वित्तिय प्रतिवेदनअनुसार रु.९६३१४२३९।७३ मौज्दात रहेकोमा यो वर्ष रु.९६३११२६४।७० जिम्मेवारी सारेको छ । जस अनुसार गत बर्षको वित्तिय प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२०७५।०३ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखियो।

२.३

फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गरेकोमा उक्त दुई विवरणमा गत वर्षको जिम्मेवारी रु. २९७५।०३ फरक परेको छ । साथै सुत्रमा समावेस नगरेको अन्तर सरकारी अख्तियारी तर्फको रकम रु १३६८७५४०१।६७ समेतले आर्थिक विवरण र एकिकृत वार्षिक प्रतिवेदनमा फरक रहेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा २.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.४ बैङ्क हिसाब विवरण- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकालको वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ:

खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु
ग २.७ विविध खर्च खाता	२०१५४१४.८७	२०१५४१४.८७
ग ३.१ स्थानीय तह धरौटी खाता	१३१७७९१७.	१३१७७९१७.
ग ४.१ स्थानीय तह सञ्चित कोष खाता	३०३०४१८४.३६	३०३०४१८४.३६
ग ५.१ स्थानीय तह विविध कोष खाता	११०७२००.	११०७२००.
ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	२१४५४१५.	२१४५४१५.
	४८७५०१३१.२३	४८७५०१३१.२३

३ बजेट तथा कार्यक्रम

३.१ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उपाध्यक्षले मिति २०८१।०३।७ गते रु ८९ करोड ७५ लाख ८३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८२।०३।८ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

३.२ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ। ऐनमा व्यवस्था भएअनुसार समिति गठन गरी बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट तर्जुमा एवं सोको कार्यान्वियन हुनुपर्दछ ।

३.३ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

३.४ योजना संसोधन तथा रकमान्तर

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र भएको सुनिश्चित गरी खर्च गर्नुपर्ने उल्लेख छ। तर पालिकाले यो वर्ष पटक-पटकको कार्यपालिकाको निर्णय मार्फत गाउँसभावाट अनुमोदन गरी विभिन्न ४२५ वटा योजनाको रु २५ करोड ३५ लाख ३४ हजार घटाएर ३४३ वटा योजनामा रू १९ करोड ५ लाख ३५ हजार रकमान्तर गरी खर्च गरेको छ। यसरी पटक-पटकको कार्यपालिकाको निर्णय मार्फत रकमान्तर गर्ने कार्य बजेटको सिद्धान्त विपरित देखिन्छ। बजेटमा समावेश भएका योजना तथा कार्यक्रम मात्र संचालन गर्न पालिकाले विशेष ध्यान दिनुपर्दछ।

३.५ स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	४९७५७०००.००	३५६९६३५७.००	७१.७३
२	सामाजिक विकास	४६९३९१०००.००	४२१६०६०८३.७६	८९.८२
३	पूर्वाधार विकास	१६५३८२०००.००	१३१३३५६१०.००	७९.४१
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१८६९००००.००	१७०६७६८३.००	९१.३२
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१२४५१३०२१.००	८३०३२०६३.४४	६६.६९
कुल जम्मा		८२७७३३०२१.००	६८८७३७७९७.२०	८३.२०

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा बढी ९१.३२ प्रतिशत र कार्यालय सञ्चालन तथा प्रशासनिकमा सबै भन्दा घटी अर्थात ६६.६९ प्रतिशत रहेको छ । पालिकाले प्राथमिकताका क्षेत्र तोकि वजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

३.६ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ।

बजेट उपशिर्षक	कुल खर्च रु.	त्रैमासिक खर्च रु.				
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
पूँजिगत खर्चतर्फ	२६,५४,२३,०९७	२३,७९,५००	४,६५,६२,४४२	५,६६,०३,४८४	१,५९८,७७,६७१	१२,८६,२५,८९४
प्रतिशत	१००.००	०.९०	१७.५४	२१.३३	६०.२४	४८.४६

माथिको तालिका अनुसार प्रथम त्रैमासिकमा ०.९० प्रतिशत दोश्रो त्रैमासिकमा १७.५४ प्रतिशत तेश्रो त्रैमासिकमा २१.३३ प्रतिशत र चौथो त्रैमासिकमा ६०.२४ प्रतिशत र आषाढ महिनामा मात्र ४८.४६ प्रतिशत खर्च भएको छ। वर्षान्तमा हतारमा

काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप योजना तथा कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ।

३.७ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेपर्ने व्यवस्था छ। यस पालिकाले आवधिक योजना तयार गरेता पनि आवधिक योजनासँग तालमेल हुनेगरी वजेट तथा कार्यक्रम कार्यान्वयन गरेको पाइएन। पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजनामा भएका विषयहरुलाई नीति तथा कार्यक्रम एवं बजेटमा समावेश गर्नुपर्दछ।

योजना छनौट र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०८१/८२ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन। पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छ ।

रु १ लाख सम्मका	१ लाख देखि ५ लाख सम्मका	५ लाख देखि १० लाख सम्मका	१० लाख खेखि ५० लाख सम्मका	रु ५० लाख माथिका योजना /कार्यक्रम	५०/५० लागत जनसहभागिता	अन्य योजना	जम्मा
७०	२५७	३९	२२	७			३९५

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १० लाख भन्दा माथिका जम्मा २९ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र ३२७ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तर समेत कमजोर हुन सक्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

४ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत आ.व. २०८१/०८२ मा २६ उजुरी परेकोमा २ निर्णय भएको ११ वटा सहमति भएको ४ वटा अदालत पठाईएको र ४ वटा प्रकृया रहेको र फछ्र्यौट हुन नसकेको पालिकाले दिएको विवरणमा उल्लेख छ।सबै मुद्दाको न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र लिखित रूपमा फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

५ **आन्तरीक नियन्त्रण तर्फ**

५.१ स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

क) **वजेट व्यवस्थापनतर्फः**

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दीर्घकालीन योजना तयार नगरेको ।

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति नगरेको ।

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

• सवै योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरेर मात्र भुक्तानी गर्नुपर्नेमा नगरेको ।

• कार्यक्रम खर्च गर्दा एउटै व्यक्तीलाई पेस्की भुक्तानी गर्ने गरिएको ।

ख) खरिद व्यवस्थापन तर्फः

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको ।

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि प्रभावकारी नभएको ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन नगरेको ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयनको व्यवस्थित अभिलेख नराखेको ।

ग) **शिक्षातर्फः**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन गरेको छैन।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गर्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको ।

घ) विविध तर्फः

• मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक कार्यालयलाई नदिइएको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गरी र विल मात्र राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्ने ।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम मध्ये कार्यालयसँग सम्बन्धित फारामको अभिलेख अद्यावधिक नराखेको ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फस्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको ।

• साविकमा अनुदान दिइएका कार्यक्रम तथा योजनाको वस्तुपरक मूल्यांकन नगरेको ।

• गाउँपालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित ब्यहोरा कार्यान्वयन नगरेको ।

गाउँपालिकाले उल्लिखित ब्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ, भरपर्दो र विश्वसनीय बनाउनुपर्दछ ।

५.२ **आन्तरिक लेखापरीक्षण शाखा -** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यवस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ।

५.३ **आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

६ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । दश वटा वडा रहेको यस पालिकामा कर्मचारी समायोजन (वि. सं. २०७५ मा) भएपछि प्रमुख प्रशासकीय अधिकृत सहित ३९ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित २७ जना पदपूर्ती भएको देखिन्छ ।साथै वियषगत शाखाहरु कृषि तथा पशुशाखा तर्फ ५, स्वास्थ्य चौकी तिनवटामा १५, दश शैय्याको अस्पताल तर्फ २२ र छ वटा आधारभूत सामुदायिक स्वास्थ्य ईकाइ तर्फ १२ जना समेत ५४ जनाको दरबन्दी स्वीकृत रहेकोमा हालसम्म १५

जनाको स्थायी पदपूर्ती भइ ३९ पद रिक्त रहेको छ । पालिकाको कूल दरवन्दी ९३ जना मध्ये ४२ जना स्थायी पदपूर्ती भएको र ५१ जना करार सेवाबाट कार्य संचालन भएको लेखापरीक्षणको क्रममा प्राप्त विवरणमा उल्लेख छ । कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, लेखा अधिकृत, पशु कृषि प्राविधिक अधिकृत, सव ईन्जिनियर, मेडीकल अधिकृत, जनस्वास्थ्य अधिकृत, स्वास्थ्य कर्मी सहितका पदहरु रिक्त रहेका कारण करार सेवामा छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर नपर्ने गरी जनशक्ती व्यवस्थापन गर्नु पदर्छ ।

७ **संगठन तथा व्यवस्थापन सर्भेक्षण**

संगठन तथा व्यवस्थापन सर्भेक्षण स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ र बागमति प्रदेश सरकारद्बारा जारी गरेको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ५ अनुसार स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि पालिकाहरुले संगठन तथा व्यवस्थापन सर्भेक्षण गरेर मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा विषयगत शाखा महाशाखा रहेको, वडा कार्यालयको संरचना समेत रहेको संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले २०८० सालमा स्थानीय स्वशासन सहयोग मञ्च नेपाल प्रा. लि. बाट संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M Survey) गरी प्रतिवेदन प्राप्त गरेको छ ।उक्त फर्मले पालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी प्रस्तावित शाखाहरुको कार्यविवरण सहित गाउँपालिकामा रहने स्थायी र करार कर्मचारीहरुको संगठन संरचना र दरवन्दी तेरीजको प्रतिवेदन पेश गरेको छ । उक्त प्रतिवेदन अनुसार स्थायी तर्फ दश वटा वडा कार्यालय सहित गाउँपालिका र कृषिपशु शिक्षा शाखा समेत साविकको ४४ दरवन्दीमा १८ पद/जना थप गरी ६२ जना प्रस्ताव गरेको, तिनवटा स्वास्थ्य चौकी तर्फ १५ जना तथा ६ वटा आधारभूत स्वास्थ्य चौकी तर्फ १२ जना रहेकोमा थपघट नभएको र दश शैय्याको आधारभूत अस्पतालको लागि १६ जना स्थायी र ६ जना करार गरी २२ जनाको प्रस्ताव गरेको छ । पालिकको कूल १४२ जनाको संगठन संरचना र दरवन्दी रहने प्रस्ताव गरेको छ जस मध्ये स्थायी दरवन्दीमा १०५ र सेवा करार तर्फ ३७ जना प्रस्ताव गरेको देखिन्छ । करार तर्फ गाउँपालिका अस्पताल र स्वास्थ्य चौकीको लागि कम्प्युटर अपरेटर, कार्यालय सहयोगी, हलुका र हेभी सवारी चालक र नगर प्रहरी सरसफाई कर्मी जस्ता पदहरु सेवा करारबाट लिने दरवन्दी प्रस्ताव गरेको छ ।

८ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ र बागमति प्रदेश सरकारद्बारा जारी स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९ को उपदफा ५ अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत शिक्षा स्वास्थ्य तर्फ १५ जना कर्मचारीको रु. १ करोड ३३ लाख ४२ हजार र पालिकातर्फ २६ जना कर्मचारीको रु. १ करोड ७१ लाख ३४ हजार समेत रु. ३ करोड ४ लाख ७६ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

९ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका स्थायी कर्मचारीले निजको सेवा शर्त सम्वन्धि कानून बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण औषधि उपचार लगायत सुविधा उपलव्ध गराउनका लागि एक अवकाश कोष स्थापना गर्नुपर्नेछ भन्ने व्यवस्था गरेको छ । उक्त कोषमा कर्मचारी कल्याण कोषको लागि हालसम्म छुट्याइएको सवै रकम, प्रत्येक आर्थिक वर्षमा कर्मचरीका लागि भुक्तानी गरिने न्यूनतम एक महिनाको तलव बराबरको रकम, गाउँपालिकाबाट कोषलाई अनुदान स्वरुप प्राप्त हुने रकम, कोषको रकम ऋण लगानी वा पूँजि परिचालन गरी प्राप्त हुने रकम कोषमा राखि बैंक खाता खोली आर्थिक कारोवार संचालन हुने व्यवस्था गरेको छ । पालिकाले यो वर्ष वित्तिय समानिकरण अनुदान चालु बजेट उपशिर्षकबाट रु. १० लाख रकम उक्त कोषको प्रभु बैकमा खोलेको बैक खातामा खर्च लेखेको तर कर्मचरीका लागि भुक्तानी गरिने न्यूनतम एक महिनाको तलव बराबरको रकम दाखिला गरेको छैन । स्थानीय सरकार संचालन ऐनको पालना भएको देखिएन ।

१० **प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले कार्यबोझको आधारमा अतिरिक्त समय काम गरेवापत प्रोत्साहन भत्ता दिने कार्यविधि, २०७९ तजुर्मा गरेको छ । उक्त कार्यविधि अनुसार पालिकामा कार्यरत सात जना स्थायी कर्मचारीहरुलाई यो वर्ष रु. १४ लाख १३ हजार २०८ रुपैयाँ प्रोत्साहन भत्ता खर्च लेखेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

११ **अनुदान वितरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन। पालिकाले यो चौलिङ होमस्टेलाई रकम उपलव्ध गराउन वजेट तथा कार्यक्रममा रु ६ लाख र जनहित दुग्ध उत्पादन सहकारी संस्थालाई रकम रु १५ लाख विनियोजन गरी २० लाख ५० हजार खर्च गरेको छ। नाफा मुलकसंस्थालाई अनुदान दिनेगरी नै वजेट व्यवस्था गरेको देखिन्छ। नाफामूलक संस्थालाई समेत अनुदान दिएको, सहकारी संस्था, कृषि समूह छनौट गर्ने आधार नलिएको, शत् प्रतिशत अनुदान दिएको, लाभग्राहिको विवरण अद्यावधिक नगरेको, अनुदान वितरणको अनुगमन नगरेको नागरीकले पाउने लाभको वारेमा स्पष्ट नभएको जस्ता व्यहोरा देखिएका छन्। यस्ता कार्यमा कार्यालयले अनुदान पाउने लाभग्राहिको छनौट प्रक्रिया पारदर्शि बनाउने, अनुदानग्राहिको विवरण अद्यावधिक गर्ने तथा अनुदानको अनुगमन गर्नुपर्दछ।

मिति	भौचर	कार्यक्रम	विवरण	रकम
२०८२/०३/२४	६२६	चैलिङ होमस्टे वडा न ८	चैलिङ होमस्टे वडा न ८ लाई नागपोखरी फर्निचर एण्ड फर्निसिङवाट फर्निचर खरिद	६०००००
२०८२/०३/२४	६३१	जनहित दुग्ध उत्पादक सहकारी संस्था लि.	जनहित दुग्ध उत्पादक सहकारी संस्था लिलाई अनुदान	१४५००००
			जम्मा	२०५००००

अनियमित भएको	१४,५०,०००

१२ **खरिद तथा ठेक्का अभिलेख**

१२.१ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत यो वर्ष रू २६ करोड ५४ लाख २३ हजार पूँजीगत खर्च (मालसामान खरिद तथा निर्माण कार्य) गरेको छ। पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामाउक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजनातयार गर्न सुरु गरेको भएतापनि पुर्णरुपमा तयार नगरी खरिद कार्य गरेको देखियो। पालिकाले नियम बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१२.२ **ठेक्कागत अभिलेख**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले खरिद कारवाहीको अभिलेख राख्नुपर्नेमा सो बमोजिम ठेक्का सम्झौताबाट भएको कामको अभिलेख म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म.ले.प.फा.नं. ५०७ बमोजिम ठेक्का सम्बन्धी (गोश्वारा लगत) लगत राखेको देखिएन। पालिकाले कानुनमा तोकिए वमोजिम अभिलेख व्यवस्थित गर्नुपर्ने देखिन्छ।

१३ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४, ९५ र ९६ नियम ९९ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात अनिवार्य रुपमा Public Asset Management System (PAMS) प्रविष्ट गरी सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ।यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका समानहरुको अवस्था अनुसार Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयमा यस बर्ष ३६६१ मालसामान मौज्दात र १७४ खर्च भएको कार्यालयको मौज्दात विरणमा देखिन्छ। अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदनमा उक्त मालसामानको विवरण तयार गर्नुपर्दछ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।
- जिन्सी शाखा प्रमुखले लिलाम गर्नुपर्ने सामग्रीको लिलाम प्रक्रिया प्रारम्भ नगरेको ।
- अन्य निकायबाट प्राप्त भएका सामग्रीहरु हस्तान्तरण फाराम र दाखिला फारम अनिवार्य राख्नुपर्नेमा नराखेको।

१४ सहकारी नियमन

सहकारी ऐन२०७४ को दफा ७३ अनुसार मासिक,चौमासिक,वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४)सहकारी संस्थाहरुको सुपरीवेक्षणनिरीक्षण तथा अनुगमन निर्देशिका २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३२ वटा सहकारी संस्था रहेका छन्।जसको विवरण देहाय अनुसार रहेको छ।

क्र.स	विवरण	संख्या
1.	सहकारी सुचिकरण	३२
2.	copomis दर्ता	२५
3.	सहकारी संस्थाको व्यवसाय करमा आवद्ध	३२
4.	सहकारी संस्थाको व्यवसाय कर नविकरण	२५
5.	सहकारी संस्थाको बहाल कर	०
6.	सहकारी संस्थाको साधारण सभा प्रतिवेदन	२५
7.	सहकारी संस्थाको आव2080/ 081 को लेखापरिक्षण प्रतिवेदन	२५
8.	सहकारी संस्था खारेजी	०
9.	सहकारी अनुगमन	३२

पालिका भित्रका ३२ मध्य सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा २५ वटा, दर्ता भएका सहकारी संस्थाको व्यवसाय करमा आबद्द, नविकरण,सहकारी संस्थाको साधारण सभा प्रतिवेदन,सहकारी सस्थानको आ.व.२०८०/०८१ को लेखापरिक्षण प्रतिवेदन २५ तयार गरेको देखिन्छ।जसले गर्दा सहकारीको संचालन नियमन नियमावली र निर्देशिका अनुसार सबै सहकारी संचालन भएको पाइएन।तसर्थः ऐन,नियमावली र निर्देशिका अनुसार संचालन गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

१५ आर्थिक सहायता

आर्थिक सहायता - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाबाट अनुदान तथा आर्थिक सहायता परिचालन कार्यविधि, २०७४ तर्जुमा गरेको छ । उक्त कार्यविधि अनुसार प्राकृतिक विपदका समयमा संक्रमण अवस्थामा विना लागत अनुदान दिने अशक्त विरामी अपाङ्ग वृद्ध वृद्धालाई र गम्भिर प्रकृतिका रोग लागेका विरामीहरुलाई पालिकाको तर्फबाट गाउँसभा र कार्यपालिकाबाट तोकेको सिमासम्मको रकम पिडितलाई आर्थिक सहायता दिने व्यवस्था गरेको छ । यो वर्ष ५३ जना व्यक्ति तथा संस्थालाई उपचार लगायतको कार्यको लागि रु ६ लाख ६५ हजार २ सय आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१६७३४५२८।०० को ३.९७ प्रतिशत हुन आउँछ । आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

१६ अनुदान फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण बाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण अनुसार २०८१ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको गरेको छ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता रकम
संघीय सरकार	शसर्त	२५३७०५३७५	२४९३७१९३६	२५७७७५६४
	विषेश	२८००००००	२७०७१२४८	११६६५६१
	समपुरक	०	०	
प्रदेश सरकार	शसर्त	१९९०००००	१२४४८७०६	७४५१२९४
	विषेश	१२५००००	१०५११५६७	१९८४३३
	समपुरक	१२७१२५००	७३३१७६४	६५६७५७०

१७ **जग्गा खरिद अनुदान**

जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३क. मा स्थानीय तहद्वारा सञ्चालन गरिने परियोजनाको लागि जग्गा आवश्यक पर्ने भएमा सम्बन्धित स्थानीय तहले ऐन बमोजिमको मुआब्जा र अन्य सबै खर्च व्यहोर्ने गरी कुनै जग्गा प्राप्त गराई दिन नेपाल सरकार समक्ष अनुरोध गरेमा नेपाल सरकारले त्यस्तो जग्गा स्थानीय तहलाई जग्गा प्राप्त गराई दिने निर्णय गर्न सक्ने उल्लेख छ । सोही ऐनको दफा ९ मा प्राप्त गरिने जग्गा कुन कामको लागि प्राप्त गरिने हो सो खुलाई स्थानीय अधिकारीले सूचना जारि गर्नुपर्ने उल्लेख छ । पालिकाले जग्गा प्राप्ति ऐनको पालना नगरी कालिका मावि विदाङमा छात्रवास निर्माणको लागि जग्गा खरिद गर्न उक्त विद्यालयलाई रु ६९३५०० अनुदान दिएको नियमसंम्मत देखिएन।

अनियमित भएको	६,९३,५००

१८ **सामाजिक सुरक्षा तर्फ**

१८.१ **वर्गगत सामाजिक सुरक्षा खर्च-** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखीएका व्यहोरा देहाय बमोजिम छन। पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत बैंक मार्फत रु.१३१२६७५३७।- वितरण गरेको विवरण उपलब्ध गराएकोमा वर्गगत सामाजिक सुरक्षा भत्ता वितरणको विवरण निम्नानुसार छन।

क्र.स.	सामाजिक सुरक्षा भत्ता पाउने समुह	कायम संख्या	वितरण गरेको संख्या	वितरण गरेको रु.	फिर्ता रु.
१	अन्य जेष्ठ नागरिक	८४६६	८४६५	१००७०६२२५	७७७४५.३३
२	अति अशक्त अपाङ्गता भत्ता	५८४	५८४	३७१३५०२	
३	जेष्ठ नागरिक एकल महिला	५८३	५८३	४६५२३४०	
४	जेष्ठ नागरिक भत्ता दलित	५५३	५५३	४३४३७८०	
५	दलित बालबालिका	९४१	९४१	१४५५७५०	
६	पूर्ण अपाङ्गता भत्ता	३६८	३६७	४३७००८०	२९२६
७	विधवा	१५२३	१५२३	१२०२५८६०	४३७६
८	जम्मा	१३०१८	१३०१६	१३१२६७५३७	८५०४७.३३

१८.२

के वाई सी अद्यावधिक नभएको- सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोली जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । पालिकाले हरेक बर्ष खाता अद्यावधिक नगरी लाभग्राहीको खातामा रकम जम्मा गरेकोले वास्तविक लाभग्राही हुन होइनन एकीन गर्न सकिएन। व्यक्तिगत विवरण प्राप्त गरी लाभग्राहीको खाता निरन्तर अध्यावधिक गर्नुपर्दछ ।

१८.३

पारदर्शिता- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

१८.४ निष्क्रिय खाताको रकम फिर्ता

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **१२७,१६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **१,६८३,४६०.२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१८.५ मृतकको खातामा रकम भुक्तानी

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **४४,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **३,५५३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **१,७३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **३८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **२४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **२,६६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१९ पाठ्यपुस्तक अनुदान

१९.१ कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०८१।८२ को क्रियाकलाप नं. २.४.६.२ मा स्थानीय तहले विद्यालयले माग गरेको विद्यार्थी संख्या सहित रकमलाई इमिसमा प्रविष्ट तथ्याङ्कसंग सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या एकिन गर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नि:शुल्क पाठ्यपुस्तक खरिदको लागि ७१ विद्यालयहरुलाई रू. ४६९९२१४।- अनुदान निकासा गरेकोमापालिकाले इमिसमा प्रविष्ट तथ्याङ्कसंग विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन गराएको देखिएन । अत: पालिकाले इमिस तथ्याङ्कलाई सत्यापित गराई प्रमाणित गराएर मात्र निकासा दिनुपर्ने विद्यालयले समयमा खरिद गरी विद्यार्थीहरुलाई पुस्तक उपलब्ध गराए नगराएको, पाठ्यसामग्री पाठ्यक्रम विकास केन्द्रको स्वीकृत सूचि मध्येबाट भए नभएको सम्वन्धमा निरन्तर अनुगमन गरी प्रतिवेदन गर्नुपर्दछ।

१९.२ बढी निकासा

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१०** को निर्णयले रू **३५,१४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२० **स्यानिटरी प्याड**

२०.१ पालिकाले कक्षा ६ देखि १२ कक्षासम्म अध्ययनरत छात्राहरुको लागि यस आर्थिक वर्षमा सरोवर ट्रेड कन्सर्नबाट रु. ८९४८२७।- मा २१११० थान पाकेट स्यानिटरी प्याड खरिद गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्न छन्:

२०.२ **लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ र दफा ५क. मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्ने र उक्त लागत अनुमान स्वीकृत गर्नु पर्ने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ बमोजिम खरिद माग प्राप्त गर्नु पर्ने र नियम ११ को आधारमा मालसामानको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले स्यानिटरी प्याड खरिदको लागि विद्यालयहरुबाट खरिदको लागि माग प्राप्त गरेको र लागत अनुमान तयार तथा स्वीकृत गरेको देखिएन । पालिकाले स्यानिटरी प्याडको माग र लागत अनुमान तयार नगरी सिधै कोटेशन माग गरी खरिद गरेकोले उक्त खरिद कार्य नियम सम्मत देखिएन । अत: लागत अनुमान तयार तथा स्वीकृत गरेर मात्र खरीद कार्य गर्नु पर्दछ ।

२०.३ **स्यानटरी प्याडको परिमाण:** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा (४) मा उपदफा (३) बमोजिम प्राप्त भएको बजेटलाई स्थानीय तहले आफ्नो क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्कसँग भिडाइ अनुसूची-१ मा उल्लेख गरिए बमोजिमको साइजको स्यानिटरी प्याड प्रचलित कानून बमोजिम खरिद गर्नुपर्ने,दफा ५ माविद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत स्थानीय तहमा माग गरी पठाउनु पर्ने, माग भएको संख्यालाई शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कसँग भिडाई विद्यालयलाई आवश्यक हुने सङ्ख्यामा सेनिटरी प्याड उपलब्ध गराउनु पर्ने व्यवस्था छ । त्यस्तै विद्यालयबाट प्राप्त ६-१२ को तथ्यांक अनुसार छात्राहरुको संख्या १७३६ जना रहेको र सोको लागि १ वर्षमा १० महिनाको लागि स्यानिटरी प्याड परिमाण ३४७२० पाकेट आवश्यक पर्ने देखिन्छ । यस आर्थिक वर्षमा पालिकाले २१११० पाकेट खरिद गरी १९०७५ पाकेट वितरण गरेको देखिन्छ । पालिकाले यस वर्ष आवश्यक पर्ने भन्दा १३६१० पाकेट घटी परिमाण स्यानिटरी प्याड खरिद गरेको देखिन्छ। यसरी १३६१० पाकेट घटी परिमाण खरिद हुंदा ६८० जना छात्राहरुलाई निशुल्क रुपमा स्यानिटरी प्याड नपुग हुने देखिन्छ । पालिकाले विद्यालयहरुबाट गत आर्थिक वर्षको परिमाण मध्येवाट वितरण गरी बांकी परिमाण र सो परिमाण समेतको आधारमा १० महिनाको लागि आवश्यक पर्ने परिमाणको माग संकलन गरी आवश्यक परिमाण खरिद गर्नु पर्नेमा सो बेगर खरिद गरेको देखिएकोले खरिद गरेको परिमाण पर्याप्त भए नभएको सम्वन्धमा एकिन गर्न सकिएन । तसर्थ पालिकाले छात्राको इमिस संख्या, विद्यालयको माग, गत वर्षको वितरण गरी बांकी मौज्दातको आधारमा आवश्यकताको पहिचान गरी स्यानिटरी प्याड खरिद गरी वितरण गर्नु पर्दछ ।

२०.४ **भरपाईं**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **८५,४१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२१ **दिवा खाजा अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु.१५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानेर वर्षमा १८० दिनका लागि अनुदान दिने व्यवस्था छ। त्यस्तै स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका परीक्षामा सामेल भएको दिनसमेतको प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र वि.व्य.स.अध्यक्षबाट प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र अनुदान दिने व्यवस्था छ । यस वर्ष कार्यालयले ७३ विद्यालयहरुलाई दिवा खाजाका लागि जम्मा रु. १३५४२०४५।- निकासा दिएको छ। पालिकाले दिवा खाजाको

रकम निकासा गर्दा इमिसमा समावेश भएको तथ्यांकलाई सत्यापन गरेको, विद्यार्थीको दैनिक हाजिरी पेश गरेको र दिवा खाजाको माग गर्दा माग फाराममा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष समेतले प्रमाणित गरेको देखिएन। पालिकाले हाजिरी संलग्न नगरी निकासा दिएकोले दिवाखाजा निकासाको यथार्थता सम्वन्धमा विश्वस्त हुन सकिएन । त्यस्तै पालिकाले दिवा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषण तत्वका सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गरेको देखिएन । अत: पालिकाले इमिसको तथ्यांकलाई सत्यापित गराई, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष समेतले प्रमाणित गरी विद्यार्थीहरुको हाजिरीको प्रमाण समेत पेश गरी निकासा दिनुपर्ने र दिवा खााजा गुणस्तर भए नभएको सम्वन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

२२ **कर समायोजन प्रमाण** (1-2082-03-23):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **१९,७६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२३ **करार शिक्षकको तलव**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा ४ अनुसार स्थानीय तहले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम राजस्व बाँडफाँडबाट प्रप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नुपर्ने प्रावधान रहेको छ । सोही ऐको दफा २८ अनुसार अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि प्रयोग गर्नुपर्ने बाध्यात्मक व्यवस्था छ ।यो वर्ष पालिकाले ७३ वटा विद्यालयमा करार सेवामा कार्यरत ७६ जना शिक्षकको तलव भत्ता स्वरुप रु. १,०६,६३,७९८।०० वित्तिय समानीकरण अनुदान शिर्षकबाट खर्च लेखेको छ । शिक्षा नियमावलीको व्यवस्था अनुसार एक जना शिक्षकले दैनिक ६ पिरियड कक्षा लिनुपर्ने व्यवस्था छ । पालिकको ७३ विद्यालयमा दैनिक ४०३ कक्षामा २८३७ पिरियड संचालन हुने र सो को लागि ४७३ जना शिक्षक आवश्यक पर्नेमा मौजुदा शिक्षक २९६ जना रहेको र २०५ जना शिक्षक नपुग रहेको प्राप्त विवरणमा उल्लेख गरेको छ । उपरोक्त कानूनी व्यवस्था अनुसार नेपाल सरकारबाट पालिकालाई उपलव्ध भएको वित्तिय समानीकरण अनुदानको रकमबाट प्रशासनिक खर्चको प्रयोजनमा प्रयोग गर्न मिल्ने नदेखिएको र पालिकाले आफ्नो प्रशासनिक खर्च आफ्नो आन्तरिक तथा राजस्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट मात्र गर्नुपर्ने व्यवस्था गरेको हुँदा वित्तिय समानीकरण अनुदानको रकमबाट करार सेवाका शिक्षकको मासिक पारिश्रमिक भुक्तानी गर्ने जस्तो प्रशासनिक खर्च गर्न मिल्ने देखिदैन । साथै वित्तिय समानीकरण अनुदानको प्रयोग सम्वन्धमा अर्थ मन्त्रालयको च. न. १२१ मिति २०७८ असार २७ गते र सोही पत्रलाई संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. न. ५६३ मिति २०७८ असार ३० गते सवै स्थानीय तहलाई गरेको परिपत्र अनुसार समेत प्रशासनिक खर्च गर्न नमिल्ने देखिन्छ ।

२४ **पुँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष विभिन्न शिर्षकबाट रु.२६५४२३०९७ खर्च गरेकोमा रु.७४,४१९,०५८ अर्थात २८ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु.३५९२१४९ सोझै रु.६५५६४५५, अमानतबाट रु.२६१३९३७ र उपभोक्ता समितिबाट रु.१४९८६१७८५ सरकारी नियकायसंगको साझेदारीमा रु २८३७९७१३ को खरिद गरेको छ। सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

२५ **ठेक्का व्यवस्थापन**

पालिकाले संचालन गरेका निर्माण कार्य तथा मालसामान खरिद कार्यको ठेक्का व्यवस्थापन अवस्था निम्न अनुसार रहेको छ।

सि.नं.	योजनाको नाम	निर्माण व्यवसायीको नाम	लागत अनुमान	सम्झौता रकम	भुक्तानी रकम	कैफियत
१	प्रशासकीय भवन निर्माण	ओम बुद्ध ज्वालामुखी भेनस जेभि	१३०८८७८५१	८७८५०१७२	८५९२३५८९	सम्पन्न
२	बुद्धमार्ग सडक	महादेव खिम्ती कालीका कृषा जेभि	९७४१९०८९	६६३५९०१६	६१६५८२८०	सम्पन्न
३	रिचोकटार इराङ सडक	महादेव खिम्ती कालीका कृषा जेभि	९७८१३२१७	६४९३४४०३	६२१४७२६३	सम्पन्न
४	विधाङ चैलिङ वर्पुक खानेपानी	सेभेन स्टार निर्माण कम्पनी प्रा.लि.	९९९९२२२	७९८१८७४	६८४४०२७	सम्पन्न
५	लवाङ सडक	सिद्धार्थ निर्माण सेवा	१२९२३५१३	८४४६२१०	८९०४८३९	सम्पन्न
६	झिरुवास चोतेस सडक	मनिका एण्ड बिहानी कन्स्ट्रक्सन प्रा.लि.	११००५४१०	५८०७८२०	५४००८८६	सम्पन्न
७	सलाङघाट ओर्वाङ सडक	मनिका एण्ड बिहानी कन्स्ट्रक्सन प्रा.लि.	१००००६४६	७०५६०११	६९७७३१६	सम्पन्न
८	प्रशासकीय भवनमा लिफ्ट जडान	एस.ओ. कन्स्ट्रक्सन प्रा.लि.	२७१९५३३	२१६८६८६	२१६८६८६	सम्पन्न
९	प्रविधिमैत्री विद्यालय	मेरिडियन आइटी प्रा.लि.	१९४९५२६९	१८७३४१५७	१८७३४१५७	सम्पन्न
१०	४ नं. वडा कार्यालय भवन	बज्र कन्स्ट्रक्सन प्रा.लि.	१५३५१५३१	१११०५७४४	५३७२८६०	निरन्तर

उल्लेखित १० ठेक्का मध्ये ९ को कार्य सम्पन्न गरिसकेको अवस्था छ। ४ नं वडा कार्यालय क्रमागत रुपमा संचालनमा छ। वांकी निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।

२६ **प्रशासकीय भवन लिफ्ट**

प्रशासकीय भवन लिफ्ट निर्माण कार्यको लागत अनुमान रु २७१९५३३ रहेकोमा वोलपत्रको माध्यमवाट रु २१६८६८६।८६ रकममा एस ओ कन्ट्रक्सनसंग २०८१ चैत्र ९ मा निर्माण कार्य सम्पन्न गर्ने गरी २०८१ माघ ११ मा संझौता गरी निर्माण कार्य सम्पन्न गरेको छ। उक्त लिफ्टको स्पेसिफिकेशन तयार गर्दा २ वर्षको वारेन्टि अवधी हुनुपर्ने व्यवस्था गरेको छ। सो अनुरुप कार्यसम्पादन जमानत राख्नुपर्नेमा २०२६ अप्रिल १३ सम्मको मात्र कार्यसम्पादन जमानत राखेको देखियो। वारेन्टि अवधि सम्मको कार्यसम्पादन जमानत थप गर्नुपर्ने देखिन्छ।

२७ **प्रविधिमैत्री विद्यालय कार्यक्रम**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५ (क) मा मालसमान खरिद गर्दा स्पेसिफिकेशन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले शैक्षिक विकासकालागि प्रविधिमैत्री विद्यालय संचालन व्यवस्थापन कार्यक्रम संचालन गरेको छ। उक्त कार्यक्रम अन्तर्गत विभिन्न सुचना प्रविधि उपकरण ल्यापटप २० थान कम्प्यूटर ६३ थान प्रिन्टर ५३ थान टिभि ४० थान स्मार्ट वोर्ड ३० थान प्रोजेक्टर ३० थान फोटोकपी मेसिन १ थान स्पिकर ३७ थान इ लाईव्रेरी १ र म्याथम्याटिकक्स किट १ खरिद गर्न रु १९४९५२६८।५० को लागत अनुमान तयार गरी वोलपत्रको माध्यमवाट मेरिडियन आईटी प्रालिसंग रु १८७३४१५७ मा खरिद गरेको छ।उक्त सामानहरुको वारेन्टि

अवधी ३ वर्षको हुनुपर्ने उल्लेख गरेकोमा पालिकाले आपुर्तिकर्तासंग कार्यसम्पादन जमानत रु ९३७००० मिति २०८३।२।६ सम्मको मात्र लिएको देखियो। उक्त मालसामानको वारेन्टि अवधीसम्मको कार्यसम्पादन जमानत राख्नुपर्ने देखिन्छ। साथै आपुर्ति गरीएको मालसामान प्राविधिकवाट स्पेसिफिकेशन अनुसारकै भएको सुनिश्चित गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन। स्पेसिफिकेशन अनुसारको भए नभएको सुनिश्चित गरी प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ।

२८ **लागत अनुमान**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन तथा अन्य विवरणहरु तयार गर्नु पर्ने स्वीकृत स्पेसिफिकेशनको अधिनमा रही सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम लागत अनुमान तयार गरी नियम १४ बमोजिम सो लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत हुनुपर्ने व्यवस्था छ। पालिकाले निम्न अनुसारको मालसामान खरिद गरेकोमा लागत अनुमान स्वीकृत गरेको देखिएन। लागत अनुमान स्वीकृत नगरी गरेको खरिद नियमसंम्मत देखिएन।

मिति	भौचर	कार्यक्रम	सामाग्री	आपुर्ति कर्ता	रकम
२०८२।३।२२	५८७	कृषि प्रवर्दन कार्यक्रम	मल्टि थ्रेसर २ थान कम्वाईन मिल २ मिनि टिलर ७ थान डिस मिल २ थान मकै छोडाउने मेसिन २ थान	पौडेल सप्लायर्स	३५००००
२०८२।३।२३	६१०		स्पे खरिद	विशान्त एग्रिकल्चर एण्ड इन्जिनियरिङ सोलुसन	१९२५००
				जम्मा	५४२५००
				अनियमित भएको	५,४२,५००

२९ **पाईप जडान**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्नेमा नापी जडान सहितको प्राविधिक मूल्यांकन राखेको देखिएन । यस सम्बन्धमा पालिकासंगको छलफलमा सानो परिमाणमा मर्मत कार्यका लागि मात्र दिएकोले जडानको प्राविधिक मुल्यांकन गर्न नसकिएको जनाएको छ। पालिकाले खरिद मालसामान प्रयोग भएको वितरण भएको एवं त्यसवाट लक्षित व्यक्तिलाई फाइदा पुगेको अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ।

मिति	भौचर	विवरण	परिमाण	आपुर्ति कर्ता	रकम
२०८२।३।२१	५६७	पाईप खरिद	20mm HDPE 5700 meter 32mm 100 meter 25mm 600 meter	श्री वराकोटी ग्लास प्याईउड एण्ड सप्लायर्स	२९५१५६
२०८२।३।२१	५६६	पाईप खरिद	20mm HDPE 3950 meter	आकाश सप्लायर्स	१८३९२४
२०८२।३।२२	५९३	पाईप खरिद	20mm HDPE 4000 meter 25 mm 500 meter 30mm 500 meter	आकाश सप्लायर्स	२५१३५७
				जम्मा	७३०४३७

३० **उपभोक्ता समितिको काम**

३०.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समितिबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक

निकायले अपनाउनु पर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना र सिंचाई कुलो निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन। सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ।केही उदाहरण निम्न छन्।

मिति	भौचर	काम तथा उपभोक्ता समिति	लागत	वास्तविक खर्च	भुक्तानी
२०८२।३।२२	१६	रिचोक शहिद स्मृति पार्क निर्माण उस	३८४७४७६	३८१७१३६	३४६४४६३
२०८२।३।२१	३५	झिल्टुङ घुर्साङटार सडक स्तरोन्नती	२६७८१५७	२४६४२७०	२२३१३३१
२०८२।३।२२	३६	अमृत स्मृती मार्ग सडक स्तरोन्नती वेनीधार	२६४४७८३	२६३३९९९	२४१५०००
२०८२।३।२३	६०९	कडेल टोल सडक निर्माण	८६३७७८	८४६७४९	७६०७००
२०८२।३।१७	५१०	गापा परीसर चौतारोवाटो	२२६३३९८	२२५७२६७	२०३१४८२

३०.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति ले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्र्याक्टरबाट गराउन सकिने छैन। कुनै कारणवश सो समिति आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनु पर्ने उल्लेख छ। निम्न अनुसारको काममा उपभोक्ता समितिले अधिकांश रकम निर्माण व्यवसायीलाई दिएर काम गराएको देखिएकोले खरिद नियमावली प्रावधान प्रतिकुल देखिनेगरी काम गराएको नियमसंगत देखिएन।

मिति	भौचर	काम तथा उपभोक्ता समिति	लागत	कार्य सम्पन्न	निर्माण व्यवसायी	निर्माण व्यवसायीको विल	पालिकाको भुक्तनी
२०८२।३।२१	३५	झिल्टुङ घुर्साङटार सडक स्तरोन्नती	२६७८१५७	२४६४२७०	गौरीका कन्ट्रक्सन प्रालि	२४९९८०७	२२३१३३१
२०८२।१।७	३३५	अर्चले थरिगाउँ काफलटार पिपल भञ्ज्याङ आपटार सडक	१०७९७६०	१०३३६५८	आर्जित कन्ट्रक्सन एण्ड सप्लायर्स प्रालि	१०४७४६४	९२८५००
						जम्मा	३१५९८३१

अनियमित भएको	३१,५९,८३१

३०.३ **सामाजिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।यस्तो कार्यमा पालिकाले सुधार गर्नुपर्दछ ।

३१ खर्चको पुष्टई

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। यस सम्वन्धी देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन।

- पालिकाले गो.भौ.न.१७ मिति २०८२।३।१८ मा फलफुल सुन्तला प्रबर्दन कार्यक्रममा मिश्रित फलफुल नर्सरी फर्मलाई सुन्तलाको बेर्ना खरिद गरेवापत बस्नेत मिश्रित फलफुल नर्सरी फर्म लाई रु. १४९४३२ भुक्तानी भएको विवरण अनुसार देहायका फलफुलका बेर्ना वितरणको भर्पाई नरहेको ले भर्पाई पेस हुनपर्ने अन्यथा असुल हुनपर्ने रू.

क.स	सामानको नाम	खरिद गरेको संख्या	खरिद मुल्य प्रति पाकेट	वितरण गरेको संख्या	प्रमाण पेस हुन पर्ने रकम	५०प्रतिसतले हुन आउने रकम
१	कलमी जालि भित्र वाला	५९७	१४५	५७२	२५*१४५=३६२५	३६२५
२	बिजु जालि बाहिर वाला	१८११	४०	१५०८	३०३*४०=१२१२०	१२१२०
३	कलमी जालि बाहिर वाला	१८३६	७०	१५१०	३२६*७०=२२८२०	२२८२०
जम्मा		४५१४		३८६०		३८५६५

- गो.भौ.न.१६ मिति २०८२।३।१५ मा पालिकाले किसान सुचिकरण कार्यक्रममा सोनाली कर्णलाई रू.३९०० र विकास खनाललाई भुक्तानि भएको रू.५५१६५ को विल भर्पाई तथा खर्च पुष्ट्याई गर्ने कागजात नभएकोले खर्चको भरर्पाई पेस हुनपर्ने अन्यथा असुल हुनपर्ने रू.५९०६५
- गो.भौ.न.२६ मिति २०८२।३।२२ मा पालिकाले गृहणि महिला कार्यक्रममा ५० प्रतिशत अनुदानमा मौरि घार खरिद गर्न रू.५८११४८ श्री महाकाली मौरी फर्मलाई भुक्तानी भएको विवरणमा दररेट मागगरेको विवरण र अनुगमन बापत भुक्तानी भएको रू.१२००० को अनुगमन प्रतिवेदन समेत पेस नभएकोले प्रतिवेदन पेस हुनपर्ने अन्यथा असुल हुनपर्ने रू १२०००
- गो.भौ.न.१३ मिति २०८२।३।१५ मा पालिकाले मौरी पालन अनुदान कार्यक्रम मा श्री महाकाली मौरि फर्मलाई रू.१९८१३५ भुक्तानी भएको विवरणमा वितरण भर्पाई र सक्कल विल पेस नभएकोले सक्कल विल र भरर्पाई पेस हुनपर्ने अन्यथा असुल हुनपर्ने रू.१९८१३५

प्रमाण पेश नगरेको	३,०७,७६५

३२ **खानेपानी बोडको पाईपको प्रयोग**

सार्वजनिक खर्चमा मितव्ययिता तथा प्रभावकारिता कायम गर्ने नीतिगत मार्गदर्शन २०७८ ले सरकारी सम्पतिको महत्तम उपयोग गर्नुपर्ने ब्यवस्था गरेको छ । कार्यालयले आ.व.२०८१।०८२मा खानेपानी व्यवस्थापन र मर्मत सम्भार लगायतका शिर्षकमा पाईप खरिद गरी सम्वन्धित व्याक्ती तथा समुहलाई वितरण नगरी देहाको परिमाणको पाईप स्टक राखेको पाईयो। कार्यालय मालसामानको समयमै जडान तथा मर्मत संभार गरी जालि र पाईपको अधिकतम उपयोग गरेको स्टक निकासा जडान गरेको प्रमाण प्रविधिक प्रतिवेदन पेस गर्नुपर्ने रू.

क्र.स	सप्लायर्सको नाम	सामाग्रिको नाम	खरिद परिणाम (मिटर)	खरिद दर	रकम	वितरण परिणाम (मिटर)	बाँकी परिणाम (मिटर)	रकम
१	हाडवर्य नेपाल प्रा.लि.	एचडीपीई पाइप (डीएन बीस एमएम) - पीएनसोह्र किलोग्राम बल प्रति वर्ग सेन्टिमिटर	१४,०००	२४	३,३६,०००	५,९५८	८,०४२	१,९३,००८
२		एचडीपीई पाइप (डीएन पच्चीस एमएम) - पीएन बाह्र दशमलवपाँच किलोग्राम बल प्रति वर्ग सेन्टिमिटर	६,५००	३१	२,०१,५००	४,६७५	१,८२५	५६५७५
३		एचडीपीई पाइप (डीएन बत्तीस एमएम) - पीएन बाह्र दशमलवपाँच किलोग्राम बल प्रति वर्ग सेन्टिमिटर	३,०००	५१	१,५३,०००	१,०८०	१,९२०	९७९२०
४		एचडीपीई पाइप (डीएन पचास एमएम) - पीएन बाह्र दशमलवपाँच किलोग्राम बल प्रति वर्ग सेन्टिमिटर	२००	१२५	२५०००	१५	१८५	२३१२५
५		एचडीपीई	२००	१६४	३२८००	९८	१०२	१६७२८

		पाइप (डीएन त्रिसठ्ठी एमएम) - पीएन बाह्रदशमलव पाँच किलोग्राम बल प्रति वर्ग सेन्टिमिटर						
६		एचडीपीई पाइप (डीएन नब्बे एमएम) - पीएन बाह्र दशमलवपाँच किलोग्राम बल प्रति वर्ग सेन्टिमिटर	१०२	४५०	४५८७३	०	१०२	४५८७३
जम्मा					७,९४,१७३.४८			४,३३,२२९.४८

प्रमाण पेश नगरेको	८,९७,४१६.०४

३३ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ र पालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि, २०७४ अनुसार पालिकाले पालिका क्षेत्रभित्र उत्सर्जन हुने फोहरमैला संकलन र व्यवस्थापनको कार्य गर्नुपर्ने व्यवस्था छ । यसरी संकलन गरेको फोहरमैलाको फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापनको कार्य गर्नु पर्ने, स्रोतमै वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्नु पर्दछ । ऐन र कार्यविधिले पालिकाले आफ्नो क्षेत्र भित्र उत्सर्जन हुने फोहरमैला व्यवस्थापनको कार्य गर्नुपर्ने जिम्मेवारी दिए पनि गरेको पाइएन । पालिकाले फोहरमैला संकलन र व्यवस्थापनको कार्य नगरेको कारण गाउँको स्वच्छ वातावरणमा प्रभाव परेको छ । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३४ **ढिला राजस्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ। पालिका र पालिका अन्तर्गतका अधिकांश वडा सचिवहरुले राजस्व आम्दानी नगद बुझ्ने गरेको र औसतमा करिव १ महिना सम्म ढिलो गरी राजस्व दाखिला गर्ने गरेको देखीयो। यस सम्बन्धमा भौगोलिक विकटता र सबै स्थानमा सहज बैङ्किङ् पँहुच नभएको कारणले समयमा राजस्व दाखिला हुन नसकिएको प्रतिक्रीया प्राप्त भएता पनि कानुनको पालनामा पालिकाको ध्यान जानुपर्दछ।

३५ **आन्तरीक आयको अनुमान**

३५.१

कर तथा शुल्क असुली- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
सम्पति कर	२६६२०००	२९३८१६०	११०
भूमिकर/मालपोत कर	७११४०	४०७५	१
बहाल कर	२६६२०००	१९१४६३८	७२
अन्य कर	१००००००	३२५५०	३
परीक्षा शुल्क	१०००००	२८४००	२८
अन्य प्रशासनिक सेवा शुल्क	१६६५००	३१९५००	१९२
नक्सा पास दस्तुर	१९९६५००	२९७५६७	१५
सिफारिस दस्तुर	१३३१०००	१०३८०८६	७८
व्यक्तिगत घटना दर्ता दस्तुर	१२१०००	४३२३००	३५७
नाता प्रमाणित दस्तुर	२०००००	९३९००	४७
अन्य दस्तुर	६६५५०००	३१७६१४	५
व्यवसाय रजिष्ट्रेशन दस्तुर	२९२८२००	५४००	०
अन्य क्षेत्रको आय	६०५००००	-	०
प्रशासनिक दण्ड जरिवाना र जफत	२६६२००	-	०
अन्य राजस्व	१०२०९०४९	३४४४१८	३
व्यवसाय कर	१६०००००	१५५८९४०	९७
जम्मा	३८०१८५८९	९३२५५४८	१००९

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान र असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी विज्ञापन कर मनोरञ्जन कर लाई समेत करको दायारामा ल्याउनु पर्दछ।

३५.२ **तीन वर्षको आन्तरिक आयको अवस्था-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

आ.व	आय अनुमान	संकलित रकम	प्रतिशत
२०७९।०८०	३,८३,१२०००	२,११,६८,११२.०५	५५
२०८०।०८१	१,४३,४९,३६९	१,८१,९१,४६०.७१	१२७
२०८१।०८२	४,७५,४३,६३९	१,६७,३४,५२८.५६	३५

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आ.व. २०७९/८० मा रू३,८३,१२०००।आय अनुमान गरिएकोमा रू.२,११,६८,११२.०५ अर्थात ५५ प्रतिशत संकलन भएको छ त्यसै गरी आ.व. २०८०/८१ मा रू.१,४३,४९,३६९।-आय अनुमान गरिएकोमा रू.१,८१,९१,४६०.७१ अर्थात १२७ प्रतिशत संकलन भएको देखिन्छ। आ.व. २०८१/८२ मा रू.४,७५,४३,६३९।-आय अनुमान गरिएकोमा रू. १,६७,३४,५२८.५६ अर्थात (३५ प्रतिशत) आय प्राप्त भएको छ। पालिकाको तीन वर्षको आन्तरिक आय बडदो क्रममा रहेतापनी पालिकाको प्रशासनिक खर्चको तुलनामा आन्तरिक आयको अंश न्यून रहेको देखिन्छ। अत: पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको विवरण अद्यावधिक गर्नुको साथै पालिका भित्रका सम्पूर्ण आर्थिक कारोवारहरुलाई करको दायारामा ल्याई आन्तरिक आय वृद्धि गर्ने तर्फ जोड दिनुपर्दछ।

३५.३ **आय अनुमान-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्थाछ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४७५४३६३९। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.१६७३४५२८।५६ अर्थात अनुमान भन्दा ६४.८ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

३६ आन्तरीक आय अनुमान तथा राजश्व संकलन

३६.१ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१/८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
५९७५५४७८३।६७	१६७३४५२८।५६	२.८०

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.८० प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

३६.२ **राजस्व असुलि-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानूनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिका भित्रका १० वडाहरुको राजस्व असुली परीक्षण गर्दा रु. ५८०५०२२.० असुली भएकोमा रु. ५८०५०२२.०८ नै दाखिला भएको पाइएको छ।

३६.३ **विज्ञापन कर**

नेपालको संविधानको अनुसूची ९ को बुँदा नं. ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। बागमती प्रदेश आर्थिक ऐन, २०८१ को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ। सामाजिक संजाल मार्फत हुने विज्ञापनलाई कानूनको दायरामा ल्याउन सकिएको देखिएन। पालिकाको यो वर्ष विज्ञापन कररू.१६६३७५० असुल गरेको देखिन्छ। त्यसै गरी पालिकाले विद्युतीय संजाल मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन सकिएको देखिएन। विद्युतीय प्लाटफर्म मार्फत गरिने विज्ञापनहरुला समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनु पर्दछ।

३६.४ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१५६४३४० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

३७ **आय ठेक्का**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६२ (क) को उपदफा १ बमोजिम पालिकाले आफ्नो क्षेत्र भित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टि, बालुवा एवं माटोजन्य वस्तुको विक्रि गर्न सक्ने व्यवस्था रहेको छ। नेपाल सरकारबाट ढुंगा, गिट्टि, बालुवा उत्खनन् बिक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ जारी भएको छ। बागमती प्रदेश सरकारबाट जारी गरिएको प्रदेश आर्थिक ऐन,२०८१ को दफा ९ को उपदफा १ मा आ.व.२०८१।८२ मा माटो, ढुंगा, गिट्टी, बालुवा, स्लेट, चुनढुंगा, र दहत्तर बहत्तरको संकलनमा अनुसूची-५ बमोजिमको शुल्क लगाउने व्यवस्था रहेकोछ। यस सम्वन्धी देखिएका व्यहोरा देहय अनुसार छन।

१.बेनीघाट रोराङ गाँउपालिकाको नदीजन्य ढुङ्गा गिट्टी बालुवाको प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लिखित खानी खोला बाट बार्षिक १६४४५ घन.मि दैनिक ५९.८ घन.मि र त्रिसुली खोला बाट २१९२९.५ घन.मि दैनिक ७९.७४ घन.मि,हुग्दी खोलाबाट बार्षिक ९६०० घन.मि दैनिक ३४.९० घन .मि र मलेखु खोला बाट बार्षिक २२१३७ घन.मि दैनिक ८०.४९ घन मिटरले बार्षिक कुल ७०१११ घन मि. ढुङ्गा, गिट्टी, बालुवाको संकलन गर्न उत्खनन् गर्न सकिने उल्लेख छ। ढुङ्गा, गिट्टी, बालुवाको संकलन गर्न (IEE) प्रतिवेदनमा उल्लेखित परिमाणको लागी मिति २०८१।०५।१६ मा प्रथम पटक सुचना प्रकासन गरी कुल ७०१११ घन मिटर का लागी कवोल अंक रू.१७३१४७३६।०४ को सुचना प्रकाशित गर्दा कुनैपनि प्रस्ताव नआएकाले सोही परीणाममा दोस्रो पटक २०८१।०७।१४ र तेस्रो पटक २०८१।०८।२६ मा सुचना प्रकासन गर्दा पनि प्रस्ताव नपरेको र पुन २०८१।१०।१५ गते (IEE) प्रतिवेदनमा उल्लेखित परिमाण घटाई ४०४९२।३७ घन. मिटरका लागि प्रकासित सुचना अनुसार श्री पशुपति ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि ले ४०४९२।३७ घन. मिटरका लागी भ्याटसहित रू ११४३९०९४।५३ कोढुङ्गा, गिट्टी, बालुवा, बेस, चिप्स लगायत नदिजन्य पदार्थहरुको उत्खनन्, संकलन, प्रशोधन, वितरणको लागि विक्रि शुल्क संकलन बेनीघाट रोराङ गाउँपालिकाको वडा नं. २, ३ र ४ भएर बग्ने मलेखु खोला वरिपरिको क्षेत्र, बेनीघाट रोराङ गाउँपालिकाको वडा नं. २ भएर बग्ने खानी खोला वरिपरिको त्रिशुली नदीको मलेखु लामबगर देखी मौवा खोला सम्मको बेनीघाट रोराङ गाउँपालिकाको वडा नं. ३, ५, ७, ९ र १० भएर बग्ने क्षेत्र,बेनीघाट रोराङ गाउँपालिका वडा नं. ९ र १० भएर बग्ने हुग्दी खोला वरिपरिको क्षेत्र निर्धारण गरी २०८२।०१।०३ गते सम्झौता गरेको छ।

२.निर्माण व्यवसायी पशुपति ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लिले सम्झौता अनुसारको परिणाम उत्खनन गर्न नसकेको कारण सम्झौता अनुसारको रू.५७१९५४७।२७ मिति २०८१।१२।३ मा प्रथम किस्ता दाखिला बाकिँ रू.५७१९५४७।२७ दाखिला गर्न नमानेको कारण पशुपति ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लिको बैंक जमानत रकम जफत गर्ने सम्वन्धमा २०८२।०३।२५ मा रू रू.५७१९५४७।२७ को बैंक जमानत जफत समेत गरेको छ। निर्माण व्यवसायीले पालिका बाट प्रमाणित गरेर ८० ठेली वितरण गरेकोमा निर्माण व्यवसाहिले फिर्ता गरेको छैन। यसकारण के कति परिमाणमा ढुङ्गा गिट्टि बालुवा उत्खनन गरेको हो भन्ने एकिन गर्न सकिएन।

३.ढुंगा गिट्टी वालुवा उत्खनन विक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा ७ अनुसार उत्खनन तथा संकलनको परिमाण नियन्त्रण गर्नको लागि संकलन उत्खनन आदेश दिनुपूर्व प्राविधिकबाट गरेको नाप जाँच तथा रेखाङ्कनका आधारमा उत्खनननमा संकलन क्षेत्र निर्धारण गरी लाईन लेवल समेत दिनुपर्ने उक्त क्षेत्रको नियमित अनुगमन गर्नुपर्ने निर्धारित परिमाण उत्खनन भएको पाईएमा उत्खनन तथा संकलन कार्य बन्द गराउनुपर्ने व्यवस्था गरेको छ।तर पालिकाले संकलन उत्खनन आदेश दिनुपूर्व प्राविधिकबाट गरेको नाप जाँच तथा रेखाङ्कनका आधारमा लाईन लेवल दिएको देखिएन। साथै पालिकाले नियमित अनुगमन गरि उत्खनन् तथा संकलन गरेको परिमाण आवधिक रुपमा नापजाँच गरी यकिन गर्दै जानुपर्नेमा पालिकाबाट नापजाँच गरी प्रतिवेदन पेश गरेको देखिएन। जसले गर्दा पालिकाले उत्खनन् तथा संकलन गरेको परिमाण नियन्त्रण गरी प्राकृतिक स्रोत साधनको दोहन रोक्ने प्रयास गरेको देखिएन।

३८ **उपकरणको परिचालन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँचको आधारमा हुने वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले ईन्धन, चालक/ हेल्परको तलब भत्ता र मर्मत खर्च मा यो बर्ष देहाय अनुसारको खर्च देखिन्छ।कार्यालयले आफ्नै डोजर र टिरपर प्रयोग गरी सडक मर्मत र सरसफाई गरिएको भनिएतापनि कुन सडक खण्डमा कति परिमाणको कार्य गर्न कति समय र खर्च लाग्यो भन्ने मितिवद्द अभिलेख राखेको पाईएन। तोकिएको प्रयोजनको लागि ईन्धन, चालक/ हेल्परको तलब भत्ता र मर्मत खर्च प्रयोग भएको अभिलेख लाई व्यवस्थित बनाउनु पर्दछ।

सि.नं.	सामानको विवरण	खर्च रु.				जम्मा आम्दानी रु.
		इन्धन	चालक/ हेल्परको तलब भत्ता	मर्मत खर्च	जम्मा खर्च	
१	ट्रिपर	२३०४००	८१०२९०	५३५२०	१०९४२१०	०
२	ब्याकहोलोडर	१६००००	३८६४६५	१७३३५	५६३८००	०
जम्मा		३९०४००	७०८५५	५२८५५	१६५८०१०	०

३९ **कानुनको कार्यान्वयन**

अन्तर सरकारी वित्तव्यवस्थापन ऐन, २०७४ को दफा ३ मा स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची- ३ मा उल्लिखित कर तथा गैर कर लगाउन र उठाउन सक्ने व्यवस्था छ। साथै ऐनको अनुसूची - ३ मा स्थानीय तहले सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क आदि कर संकलन गर्दा प्रदेशले तोकेको उल्लिखित कर समेत संकलन गर्नु पर्ने व्यवस्था छ। पालिकाले उल्लिखित कर अधिकारलाई कार्यान्वयनमा ल्याई कर संकलन गर्न सकेको देखिएन। कानुन बमोजिम प्रदेशले तोकेको दर सम्म असुल गर्ने राजस्व संकलन नीति कार्यान्वयन ल्याई स्थानीय कराधिकार फराकिलो बनाउन पालिकाको ध्यान दिनु पर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बेनीघाट रोराङ्ग गाउँपालिका, धादिंग , बेनीघाट रोराङ्ग गाउँपालिका , धादिङ

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	नर्बदा घिमिरे	२०८०-६-२	२०८२-०५-०८
लेखा प्रमुख	सन्तोष अर्याल	२०७७-४-१	२०८२-०५-२२

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१५६,२९७	५,८४५,८३१	३,१२०,९८३.२५	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	९,१२३,१११.२५
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	२,०७२,०९९.२१
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	७,०५१,०१२.०४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		९६३११२६४.७	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४१९२४२४६२.७६	चालु खर्च	४२३३१४७००.२
प्रदेश सरकारबाट अनुदान	५०८४९०३४	पूँजीगत खर्च	२६५४२३०९७
राजश्व बाँडफाँट	१५५३०६५७९.५२	वित्तीय/अन्य व्यवस्था	१६६९४०५११.६७
आन्तरिक आय	१६७३४५२८.५६		
अन्य आय	१६५९८४५७०.५६		
कुल आय	८०८११७१७५.४०	कुल खर्च	८५५६७८३०८.८७
बाँकी मौज्दात		४८७५०१३१.२३	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

वित्तीय प्रतिवेदन							
आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२ म.ले.प.फा.नं. २७०-०१							
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)							
क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार	
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)
	राजस्व. अनुदान र अन्य प्राप्ति						
११०००	कर		१४.९०.३३.६९८.२७	०	१४.९०.३३.६९८.२७	१३.७७.९९.८२७.६९	०
१३०००	अनुदान		४७.००.९१.४९६.७६	०	४७.००.९१.४९६.७६	४७.८९.४४.८१५.१०	०
१४०००	अन्य राजस्व		२.३०.०७.४०९.८१	०	२.३०.०७.४०९.८१	३.०५.२४.८८७.६९	०
क	कुल जम्मा प्राप्ति		६४.२१.३२.६०४.८४		६४.२१.३२.६०४.८४	६४.७२.६९.५३०.४८	
३	चालु		४२.३३.१४.७००.२०	०	४२.३३.१४.७००.२०	३७.५९.८३.८३२.५६	०
२१०००	पारिश्रमिक / सुविधा		४.६९.८१.४३०.९२	०	४.६९.८१.४३०.९२	१९.२२.२९.०५३.८०	०
२२०००	मालसामान तथा सेवाको उपयोग		५.०५.५७.६४५.५२	०	५.०५.५७.६४५.५२	१४.५५.२४.६७१.९८	०
२५०००	सहायता (Subsidy)		३०.८७.२१.३७४.७६	०	३०.८७.२१.३७४.७६	२.७९.२५.२५७.७८	०
२६०००	अनुदान		१.४१.४०.३०७.००	०	१.४१.४०.३०७.००	३३.६४.०००.००	०
२७०००	सामाजिक सुरक्षा		१२.३२.२५६.००	०	१२.३२.२५६.००	५३.२८.२८८.००	०
२८०००	अन्य खर्च		१६.८१.६८६.००	०	१६.८१.६८६.००	१६.१२.५६१.००	०
४	पूंजीगत		२६.५४.२३.०९७.००	०	२६.५४.२३.०९७.००	३०.३०.६४.६२०.१३	०
३१११०	भवन तथा संरचना		१.८८.०८.६२६.००	०	१.८८.०८.६२६.००	२.५१.४२.०२६.००	०
३११२०	सवारी साधन. मेशिनरी औजार. फर्निचर्स तथा फिक्चर्स		१.३०.५१.४५८.००	०	१.३०.५१.४५८.००	३९.६०.८७०.००	०
३११३०	अन्य पूँजीगत खर्च		९७.८२.६२४.००	०	९७.८२.६२४.००	३.४५.२८.६८३.००	०
३११४०	सुरक्षा उपकरण		०	०	०	९५,०००.००	०
३११५०	सार्वजनिक निर्माण		२२.०६.३४.०६३.००	०	२२.०६.३४.०६३.००	२३.८५.६५.९११.१३	०
३११६०	निर्मितसरचनाको सुधार खर्च		२९.९६.३२६.००	०	२९.९६.३२६.००	७.७२.१३०.००	०

३१२२०	मौज्दात सामानहरु		१.५०.०००.००	०	१.५०.०००.००	०	०
ख)	कुल जम्मा भुक्तानी		६८.८७.३७.७९७.२०		६८.८७.३७.७९७.२०	६७.९०.४८.४५२.६९	
ग)	बचत /कमी (ग = क-ख)		(४.६६.०५.१९२.३६)		(४.६६.०५.१९२.३६)	(३.१७.७८.९२२.२१)	
घ)	धरौटी. आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		(८.४८.७४१.११)		(८.४८.७४१.११)	६८.२६.१७५.९८	
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी						
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(४.७४.५३.९३३.४७)		(४.७४.५३.९३३.४७)	(२.४९.५२.७४६.२३)	
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		९.६२.०४.०६४.७०		९.६२.०४.०६४.७०	१२.११.७३.८१५.७४	
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन						
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		४.८७.५०.१३१.२३		४.८७.५०.१३१.२३	९.६२.२१.०६९.५१	
लेखाप्रमूख			कार्यकारी अधिकृत			महालेखापरीक्षकको कार्यालय	

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।